"समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू.नं.:- ४८-०८१/०८२

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना।

(प्रकाशित मितिः २०८१/१०/११ गते।)

यस छथर गाउँपालिका अन्तर्गत तथा वडा कार्यालयमा रिक्त रहेको निम्न पदका लागि खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा **करार सेवामा** पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (२०८१/१०/२५) भित्र माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

१. **विज्ञापन नं., पद र माग संख्या:**

| सि.नं. | वि. नं. | पद | श्रेणी/तह | माग संख्या | आवेदन दस्तुर | परिक्षाको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०५-०८१/०८२ | कम्प्युटर सहयोगी | - | २ | ४००/- | लिखित र अन्तरवार्ता। | |

**आवश्यक न्युनतम योग्यता:**

२. **आवश्यक न्युनतम योग्यता:**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरह उत्तिर्ण भएको।

ख) आधारभूत कम्प्युटर तालिमा लिएको।

ग) उम्मेदवारको उमेर हद दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ।

३. **दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरु:**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी। ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी। ग) ३ तिन प्रति पासपोर्ट साईजको फोटो। घ) आधारभूत कम्प्युटर तालिमा लिएको प्रमाणपत्रको प्रतिलिपी। ङ) कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

४. **तलव, सुविधा तथा अन्य सेवा शर्त:** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:** छथर गाउँपालिका कार्यालयको वेभसाइट **www.chhatharmun.gov.np** बाट डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिने छ। साथै यस कार्यालयबाट समेत दरखास्त फारम प्राप्त गर्न सकिनेछ।

६. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया:** छथर गाउँपालिकाको राजस्व फाँटमा वा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

७. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** पछि सूचना प्रकाशन गरिने छ।

८. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

९. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा छथर गाउँपालिका, प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

अशोक पराजुली

प्रमुख प्रशासकीय अधिकृत

*नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय सम य भित्र दरखास्त पेश गर्नु पर्ने छ।*